# तेजाव प्रयोगसम्बन्धी अपराध

- तेजाव भन्नाले मानव अङ्ग, जीवजन्तु वा अन्य जैविक वा गैर जैविक वस्तुलाई जलाउने(वर्न), घातक(कोरोसिभ) क्षति पुर्याउने वा अन्य कुनै किसिमले गम्भीर असर पुऱ्याउने अकारवोनिक (इनअर्गानिक) एसिडजन्य रासायनिक पदार्थ सम्झनुपर्छ र सो शब्दले नाइट्रिक एसिड, सलफरिक एसिड र हाइड्रोक्लोरिक एसिड तथा अन्य घातक तथा ज्वलनशील रासायनिक पदार्थलाई समेत जनाउँछ ।
- कसैले कसैलाई तेजाव फ्याँकी, छर्किई, खन्याई वा प्रयोग गरी वा सेवन गराई अङ्गभङ्ग गर्नु, गराउनु वा शारीरिक क्षति पुऱ्याउने कार्यलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १९२ (क) ले निषेध गरेको छ ।
- यो मुद्दा सरकारवादी फौजदारी मुद्दा हुन्छ र यस मुद्दाको अनुसन्धान नेपाल प्रहरीबाट गरिन्छ ।
- अनुसन्धानको कार्य समाप्त भएपछि प्राप्त प्रमाणका आधारमा सरकारी वकिलबाट मुद्दा चलाउने नचलाउने निर्णय हुन्छ ।
- मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिन्छ ।
- तेजाव प्रयोग गरी अङ्गभङ्ग गराएको सम्बन्धी मुद्दा हेर्ने शुरु अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुन्छ ।
- तेजाव प्रयोग गरी कसैको दुवै आँखा जली वा क्षति भई पूर्ण रुपमा दृष्टि नष्ट भएमा, दुवै कान जली वा क्षति भई सुन्ने शक्ति पूर्ण रुपमा नष्ट भएमा, नाक जली वा क्षतिभई काम नलाग्ने भएमा, अनुहार पूर्ण रुपमा जली वा क्षति भई कुरुप भएमा, महिला भए दुवै स्तन जली वा क्षति भई काम नलाग्ने भएमा वा कसैको यौनाङ्ग जली वा क्षति भई नासिएमा त्यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई बीस वर्ष कैद र दशलाख रुपैयाँ जरिवाना हुन्छ ।
- कसूरबाट पीडित व्यक्तिको सोही कारणबाट एक बर्षभित्र मृत्यु भएमा ज्यान मारेको कसूरमा सजाय हुन्छ ।
- पीडकलाई भएको जरिवाना वापतको प्राप्त पुरै रकम पीडितलाई क्षतिपूर्ति वापत दिनुपर्ने हुन्छ ।
- तेजाव प्रयोग गरी ज्यान मारेको वा अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुऱ्याएको कसूरमा सजाय माफी गर्ने, मुल्तवी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने, मुद्दा फिर्ताको कारवाही गर्न सकिदैन ।
- कसूरबाट पीडितलाई औषधोपचार अन्तरिम क्षतिपूर्ति तथा राहत उपलब्ध गराउनु पर्छ ।
- विदेशमा यो कसूर गरेको भए पनि नेपाल भित्रनै त्यस्तो कसूर गरे सरह सजाय हुन्छ ।
- यो कसूरमा कसूर भएको मितिले एक वर्ष भित्र उजुर गर्नु पर्छ ।
- यो अपराधमा न्यूनतम सजाय पाँच वर्ष र जरीवाना एक लाख हुन्छ भने अधिकतम सजाय अङ्गभङ्गमा बीस वर्ष कैद र कसैको ज्यान मारेमा जन्म कैद हुने व्यवस्था छ ।

UNODC
United Nations Office on Drugs and Crime

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

# मानव बेचविखनसम्बन्धी अपराध

- मानव बेचविखन मानव मर्यादा विरुद्धको अपराध हो ।
- कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने काम गर्नु हुँदैन । कसैले कसैलाई वेश्यावृतिमा लगाउनु हुँदैन । कानून बमोजिम बाहेक मानिसको अंग झिक्नु हुँदैन । कसैले पनि वेश्यागमन गर्नु हुँदैन ।
- किन्ने वेच्ने उद्धेश्यले मानिसलाई विदेश लैजाने काम गर्नु हुँदैन ।
- यस्तो कार्यलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ ले अपराधको रुपमा परिभाषित गरी सजायको व्यवस्था गरेको छ ।
- यो मुद्दा सरकारवादी फौजदारी मुद्दा हुन्छ । यो मुद्दाको अनुसन्धान नेपाल प्रहरीबाट गरिन्छ ।
- अनुसन्धानको कार्य समाप्त भएपछि प्राप्त प्रमाणका आधारमा सरकारी वकिलबाट मुद्दा चलाउने नचलाउने निर्णय हुन्छ ।
- मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिन्छ ।
- अनुसन्धानको लागि अभियुक्तलाई २५ दिनसम्म अदालतको अनुमतिले थुनामा राख्न सकिन्छ ।
- अदालतले तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा यस्तो मुद्दाका अभियुक्तलाई मुद्दाको पुर्पक्षका लागि थुनामा राख्ने व्यवस्था छ ।
- मानव बेचविखनको अभियोग लागेको व्यक्तिले आफूले कसूर नगरेको जिकिर लिएमा सो कुराको प्रमाण निजलेनै पुर्‍याउनु पर्ने व्यवस्था छ ।
- किन्न वा बेच्न लैजान लागेको व्यक्तिलाई प्रतिकारको क्रममा पीडितले पीडकलाई मारेमा पनि पीडितलाई सजाय नहुने गरी संरक्षणको व्यवस्था गरेको छ ।
- कसूरदारबाट पीडितले मनासिव माफिकको क्षतिपूर्ति पाउने व्यवस्था छ ।
- मानव बेचबिखन गरेर कमाएको सम्पत्ति जफत हुन्छ ।
- यो कसूरमा नैतिक पतनको दावी लिन सकिन्छ । नैतिक पतन हुने ठहर भएमा कुनै पनि सार्वजनिक जिम्मेवारीमा रहन पाइदैन ।
- पीडितले उजुरी दिइसके पश्चात निजलाई नजिकको जिल्ला अदालतमा उपस्थित गराई निजको बयान प्रमाणित गराउनुपर्छ ।
- पीडितले बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्ने कानूनी व्यवस्था रहेको छ ।
- नेपालबाहिर बसी नेपाली नागरिक विरुद्ध मानब बेचबिखनको कसूर गर्नेलाई पनि सजाय हुने व्यवस्था छ ।

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

UNODC
Office on Drugs and Crime

# घरेलु हिंसासम्बन्धी अपराध

- घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ ।
- घरेलु हिंसा गर्न, गराउन वा सो कुराको उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्ने कार्यलाई घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले निषेध गरेको छ ।
- घरेलु हिंसा भएको, भईरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय तह समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नुका साथै पीडितले चाहेमा सोझै अदालतमा उजुरी दिन सक्छ ।
- प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्छ ।
- स्थानीय तहमा उजुरी दर्ता भएकोमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनु पर्छ ।
- पीडितको शारीरिक, मानसिक जाँच गराउन पठाउनुका साथै पीडित र आश्रितलाई सुरक्षा आवश्यक परे तत्काल सुरक्षा व्यवस्था मिलाउनु पर्छ ।
- घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्ष बीच मेलमिलाप गराई दिनु पर्नेछ ।
- प्रहरी कार्यालय वा स्थानीय तहले उजुरीको कारवाही र किनारा गर्दा पीडकलाई तारेखमा राखी गर्नु पर्छ ।
- पीडित र पीडकवीच मेलमिलाप हुन नसकेमा मेलमिलाप हुन नसकेको १५ दिनभित्र उजुरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष पठाउनु पर्छ ।
- उजुरीको प्रारम्भिक छानविनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले पीडितको हित र सुरक्षाको निमित्त अन्तरिम संरक्षणात्मक आदेश दिन सक्छ ।
- पीडकलाई ३००० रुपैयां देखि २५,००० रुपैया सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ । पुनः सोही कसूर गरेमा दोब्बर सजाय हुन्छ ।
- अदालतले पीडकबाट पीडितलाई उपचार खर्च र मनासिव माफिकको क्षतिपुर्ति भराइदिन सक्छ ।
- यस ऐन बमोजिमको कसूरमा भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्छ ।



घरेलु हिंसा सम्बन्धी अपराध

UNODC
United Nations Office on Drugs and Crime

महान्यायाधिवक्ताको कार्यालय, नेपा

# जवरजस्ती करणीसम्बन्धी अपराध



- कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा जवरजस्ती करणीको कसूर हुन्छ ।
- मञ्जुरी लिएर भएपनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा जवरजस्ती करणीको कसूर हुन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ ले यस्तो कसूर गर्न निषेध गरी सजायको व्यवस्था गरेको छ ।
- यो मुद्दा सरकारवादी फौजदारी मुद्दा हुन्छ । यो मुद्दाको अनुसन्धान नेपाल प्रहरीबाट गरिन्छ ।
- अनुसन्धानको कार्य समाप्त भएपछि प्राप्त प्रमाणका आधारमा सरकारी वकीलबाट मुद्दा चलाउने नचलाउने निर्णय हुन्छ ।
- मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिन्छ ।
- दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त अपाङ्गता भएका वा ७० वर्षभन्दा बढी उमेरकी महिलालाई जबरजस्ती करणी गरेमा पीडकलाई जन्म कैद हुन्छ ।
- दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए १८ वर्षदेखि २० वर्षसम्म कैद हुन्छ ।
- चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म कैद हुन्छ ।
- सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश बर्षदेखि बाह्र वर्षसम्म कैद हुन्छ ।
- अठार वर्ष वा सो भन्दा बढी उमेरकी महिला भए ७ वर्षदेखि १० वर्षसम्म कैद हुन्छ ।
- सामूहिक रूपमा जवरजस्ती करणी गरेमा थप पाँच वर्षसम्म कैद सजाय हुन्छ ।
- हाडनाताकी महिलालाई जवरजस्ती करणी गरेमा हाडनाताको करणीमा हुने सजाय थप हुन्छ ।
- पीडकबाट पीडितले क्षतिपूर्ति पाउँछ ।
- जवरजस्ती करणी भएको एक वर्ष भित्र उजुर गर्नु पर्छ ।
- हातहतियार देखाई जबरजस्ती करणी गरेमा उल्लेखित सजायमा थप पाँच वर्षसम्म कैद सजाय ।
- छ महिना भन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रूपमा अस्वस्थ महिलालाई जबरजस्ती करणी गरेमा उल्लेखित सजायमा थप पाँच वर्षसम्म कैद सजाय ।
- वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबरजस्ती करणी गरेमा पाँच वर्षसम्म कैद हुन्छ ।
- कैद वा थुनामा रहेको कुनै व्यक्तिसग सरकारी कर्मचारीले करणी गर्न वा करणी गर्न अरु कसैलाई संयोग पारी मिलाई दिई करणी गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद सजाय हुन्छ ।
- कसैले आफूले संरक्षण वा सुरक्षा दिएको वा आफ्नो हेरविचारमा रहेको कुनै व्यक्तिसग करणी गर्ने वा करणी गर्न अरुलाई सहयोग गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुन्छ ।
- कसैले होस ठेगानमा नरहेको वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुनर्स्थापना गर्ने कुनै संस्थामा राखिएको कुनै व्यक्तिसँग त्यस्तो संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुन्छ ।
- करणी सम्बन्धी कसूरमा मेलमिलाप गराउने वा त्यसको लागि दवाव दिने वा प्रभाव पार्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपैया सम्म जरिवाना हुन्छ । सार्वजनिक पद धारण गरेको व्यक्तिले कसूर गरे वा गराएमा थप छ महिना कैद सजाय हुन्छ ।
- सरकारी वा नीजि कार्यालयमा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्ने वा करणी गर्न अरुलाई सहयोग गर्ने व्यक्तिलाई चार वर्षसम्म कैद र रु. ४,००० जरिवाना हुन्छ ।
- यौन दुर्व्यवहारमा पीडित आफैले अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था छ ।

UNODC
United Nations Office on Drugs and Crime

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

# बोक्सीसम्बन्धी अपराध

- बोक्सीको आरोप भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य हो । बोक्सीको आरोप लगाउने, गाली बेइज्जती गर्ने, बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने, सामाजिक बहिष्कार गर्ने, बसोबास गरेको ठाउँबाट निकाला गर्ने समेतका कार्यलाई बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ ले निषेध गरेको छ ।
- यो मुद्दा सरकारवादी फौजदारी मुद्दा हुन्छ । यो मुद्दाको अनुसन्धान नेपाल प्रहरीबाट गरिन्छ ।
- अनुसन्धानको कार्य समाप्त भएपछि प्राप्त प्रमाणका आधारमा सरकारी वकिलबाट मुद्दा चलाउने नचलाउने निर्णय हुन्छ ।
- मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिन्छ ।
- बोक्सीको आरोप सम्बन्धी मुद्दा हेर्ने शुरु अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुन्छ ।
- कसूरको सूचना प्राप्त हुन आएमा प्रहरी कार्यालयले २४ घण्टाभित्र पीडकलाई झिकाई वा पक्राउ गरी प्रचलित कानून बमोजिम अनुसन्धान गर्नुपर्छ ।
- पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्नुपर्ने देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको सेवा केन्द्रमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।
- तत्काल प्राप्त प्रमाणबाट अभियुक्त कसूरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा मुद्दा हेर्ने अदालतले निजलाई थुनामा राखी कारवाही गर्नुपर्छ ।
- पीडकका नाममा अदालतले अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्छ ।
- यस सम्बन्धी कसूरमा कसूरको गम्भीरता हेरी न्यूनतम छ महिनादेखि अधिकतम ८ बर्षसम्म कैद हुन सक्छ । पुनः कसूर गरेमा दोब्बर सजाय हुन्छ ।
- पीडकबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्छ ।
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले यस्तो कसूर हुन नदिन विभिन्न किसिमका सचेतना कार्यक्रम सञ्चालन गर्न वा गराउनु पर्छ ।
- कसूर भए गरेको मितिले नब्बे दिनभित्र जाहेरी दरखास्त वा सूचना दिनु पर्छ ।
- सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुने कानूनी व्यवस्था रहेको छ । तर, कुनै व्यक्तिलाई बोक्सीको आरोप सम्बन्धी कसूरमा एकै पटक पन्ध्र वर्ष भन्दा बढी सजाय नहुने व्यवस्था पनि रहेको छ । पीडितले माग गरेमा यस मुद्दाको सुनुवाई बन्द इजलासबाट गरिनेछ ।



UNODC
United Nations Office on Drugs and Crime

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

# Differences Between

| TRAFFICKING IN PERSONS | | SMUGGLING OF MIGRANTS |
|---|---|---|
| Irrelevant if 'means' are in place | Consent | Typically Voluntary |
| Exploitation of victim | Purpose of the crime | Obtain a financial or material benefit |
| Not required | Trans nationality | Required |
| Exploitation of victim | Source of criminal profits | Facilitation of irregular entry or stay |
| A person | Crime against what or whom | Public order, authority & provisions of the state |

UNODC
United Nations Office on Drugs and Crime